# सुदूरपश्चिम विश्वविद्यालय

## केन्द्रीय कार्यालय

प.सं. २०७७/०७८
च.नं..........

मिति: २०७८/०२/२१

विषय: सूचना

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७८/०२/२० गते बसेको बैठकले स्नातक/स्नातकोत्तर तहको पठन पाठन र स्थगित परीक्षाका सम्बन्धमा निम्नानुसार निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागियो सूचना प्रकाशित गरिएकोछ ।

१. हाल स्नातक तह दोश्रो, चौथो र छैठौं सत्रका विद्यार्थीहरुलाई तेश्रो, पाँचौं र सातौं सेमेष्टरका कक्षाहरुमा राखी २०७८ जेष्ठ ५ गतेदेखिसञ्चालन भइसकेका कृषि विज्ञान संकायका कार्यक्रम वाहेकको पठन पाठन २०७८ जेष्ठ २५ गतेदेखि सञ्चालन गर्ने ।

२. विगतमा रोकिएका स्नातक तह दोश्रो, चौथो र छैठौं सेमेष्टरका परीक्षाहरु २०७८ श्रावण ५ गतेदेखि वैकल्पिक माध्यमबाट सञ्चालन गर्ने ।

३. स्नातकोत्तर तहको हकमा दोश्रो सेमेष्टरका विद्यार्थीलाई तेश्रो सेमेष्टरमा राखी मिति २०७८ जेष्ठ २५ गतेदेखि कक्षा सञ्चालन गर्ने तथा दोश्रो र चौथो सेमेष्टरका परीक्षा २०७८ श्रावण २४ गतेदेखि वैकल्पिक माध्यमबाट सञ्चालन गर्ने ।

यदि भेरिएण्ट सहितको कोभिड-१९ को प्रकोप न्यून भै भौतिक रुपमै कक्षा सञ्चालन हुनेसक्ने अवस्था भएमा र नेपाल सरकारले भौतिक रुपमै कक्षा सञ्चालनको निर्णय गरेमा हाल वैकल्पिक माध्यमबाट सञ्चालन भइरहेका कक्षाहरु र उपरोक्त परीक्षाहरु भौतिक रुपमै सञ्चालन गर्ने ।

..........................
(गोविन्दबल्लभ पन्त)
प्रमुख
सामान्य प्रशासन महाशाखा

केन्द्रीय कार्यालयः महेन्द्रनगर, कञ्चनपुर फोन नं. +९७७ (९९) ५२०७२९ फ्याक्सः +९७७ (९९) ५२०७२७